


# खोप लगाउनुहोस् ।
# आफ्नो स्मार्टफोन लिनुहोस् ।
# v-safe प्रयोग गर्न थाल्नुहोस् ।

## v-safe के हो ?

***V-safe*** भनेको स्मार्टफोनमा आधारित टुल जसले COVID-19 खोप लगाइसकेपछि व्यक्तिकृत स्वास्थ्य चेक-इन (सोधपुछ) हरू उपलब्ध गराउन टेक्स्ट म्यासेज र वेब सर्वेक्षणहरूलाई प्रयोग गर्छ । COVID-19 खोप लगाइसकेपछि तपाईंमा कुनै पनि साइड इफेक्टहरू देखियो भने ***v-safe*** मार्फत तपाईंले त्यस बारेमा CDC लाई तुरुन्तै बताउन सक्नुहुन्छ । तपाईंका जवाफहरूका आधारमा तपाईंको हालखबर बुझ्न CDC बाट कसैले तपाईंलाई फोन गर्न सक्नुहुनेछ । र तपाईंलाई आवश्यक पर्ने भएमा ***v-safe*** ले तपाईंलाई COVID-19 खोपको आफ्नो दोस्रो डोज लगाउनका लागि स्मरण गराउनेछ ।

CDC को ***v-safe*** मा तपाईंको सहभागिताले पक्कै पनि उल्लेखनीय प्रभाव पार्छ - यसले COVID-19 का खोपहरूलाई सुरक्षित राख्नमा मद्दत गर्छ ।

## म कसरी सहभागी हुन सक्छु ?

तपाईंले COVID-19 खोप लगाएपछि तपाईंले आफ्नो स्मार्टफोन प्रयोग गरेर ***v-safe*** मा नाम दर्ता गर्न सक्नुहुन्छ । सहभागिता स्वेच्छिक हुन्छ र तपाई कुनै पनि समयआ बाहिरिन सक्नुहुन्छ । तपाईंले स्थानीय समय अनुसार दिउँसो करिब 2 बजेतिर ***v-safe*** बाट टेक्स्ट म्यासेजहरू प्राप्त गर्नुहुनेछ । यस कार्यक्रमबाट बाहिरिनका लागि, ***v-safe*** ले तपाईंलाई टेक्स्ट म्यासेज पठाउँदा त्यसमा “STOP” लेखेर टेक्स्ट म्यासेज पठाइदिनुहोस् । तपाईंले “START” लेखी टेक्स्ट म्यासेज गरेर ***v-safe*** लाई पुन: सुरु गर्न सक्नुहुन्छ ।

## v-safe को चेक-इनहरू कति समयसम्म चल्छन् ?

तपाईंले आफ्नो खोप लगाइसकेपछिको पहिलो हप्ताको दौरान, तपाईंलाई के-कस्तो भइरहेको छ भनेर सोध्नका लागि ***v-safe*** ले हरेक दिन एउटा टेक्स्ट म्यासेज पठाउनेछ । त्यसपछिका 5 हप्तासम्म तपाईंले हरेक हप्ता एकपटक चेक-इन म्यासेजहरू प्राप्त गर्नुहुनेछ । ***v-safe*** ले सोध्ने प्रश्नहरूको जवाफ दिन 5 मिनेटभन्दा कम समय लाग्नुपर्छ । यदि तपाईंलाई खोपको दोस्रो डोज आवश्यक पर्छ भने ***v-safe*** ले नयाँ 6-हप्ते चेक-इन प्रक्रिया उपलब्ध गराउनेछ जसबाट तपाईंले खोपको आफ्नो दोस्रो डोजको अनुभव पनि साझा गर्न सक्नुहुन्छ । आफ्नो खोपको अन्तिम डोजपछि लगाइसकेपछि तपाईंले 3, 6 र 12 महिनामा पनि चेक-इनहरू प्राप्त गर्नुहुनेछ ।

## के मेरो स्वास्थ्य जानकारी सुरक्षित रहन्छ ?

रहन्छ । ***v-safe*** मा तपाईंको व्यक्तिगत जानकारीलाई सुरक्षित राखिएको हुन्छ, त्यसैले यो गोपनीय र निजी रहिरहन्छ ।*

**v-safe**[SM]
after vaccination health checker

**COVID-19 खोप लगाइसकेपछि कुनै पनि साइड इफेक्टहरूका बारेमा CDC लाई बताउन आफ्नो स्मार्टफोन प्रयोग गर्नुहोस् । तपाईंले खोपको दोस्रो डोज लगाउन आवश्यक छ कि छैन भनेर पनि सूचना प्राप्त गर्नुहुनेछ ।**




**आफ्नो स्मार्टफोनको ब्राउजरबाट [vsafe.cdc.gov](vsafe.cdc.gov) मा साइनअप गर्नुहोस् वाआफ्नो स्मार्टफोनको क्यामेरालाई यस कोडमा पर्नेगरी राख्नुहोस्**

*CDC, FDA तथा अन्य सङ्घीय एजेन्सीहरूद्वारा व्यवस्थापन गरिएका मौजुदा जानकारी प्रणालीहरूलाई***v-safe*** ले प्रयोग गर्ने हद सम्मका लागि प्रणालीहरूले जानकारीको संवेदनशीलताको आधारमा उपयुक्त कठोर सुरक्षा उपायहरू प्रयोग गर्छन् । यी विधिले लागू हुने हदसम्म सन् 1974 को गोपनीयता ऐन लगायतका निम्न सङ्घीय कानुनहरूको पालना गर्छन्; सन् 1996 को स्वास्थ्य बिमा वहनशीलता र जवाफदेहिता ऐन (HIPAA) अनुरूप हुने गरी जारी गरिएका मापदण्डहरू; सङ्घीय सूचना सुरक्षा व्यवस्थापन ऐन, र सूचनाको स्वतन्त्रतासम्बन्धी ऐन ।

12/01/20

# *v-safe* मा कसरी दर्ता गर्ने र यसलाई कसरी प्रयोग गर्ने

तपाईंलाई आफ्नो स्मार्टफोन र तपाईंले लगाएको COVID-19 खोपका बारेमा जानकारी आवश्यक पर्नेछ। यो जानकारीलाई तपाईंको खोप रेकर्ड कार्डमा भेटाउन सकिन्छ। यदि तपाईंले आफ्नो कार्ड भेटाउनुभएन भने कृपया आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुहोस्।

## दर्ता गर्ने

1. तलका दुईवटा विकल्प मध्ये एउटालाई प्रयोग गरेर ***v-safe*** को वेबसाइटमा जानुहोस्:

**vsafe.cdc.gov मा जान आफ्नो स्मार्टफोनको ब्राउजर प्रयोग गर्नुहोस्**

**वा**

**आफ्नो स्मार्टफोनको क्यामेरालाई यस कोडमा पर्नेगरी राख्नुहोस्।**

2. निर्देशनहरूलाई पढ्नुहोस्। **Get Started** मा क्लिक गर्नुहोस्.
3. आफ्नो नाम, मोबाइल नम्बर र मागिएका अन्य जानकारी हाल्नुहोस्। **Register** मा क्लिक गर्नुहोस्.
4. तपाई आफ्नो स्मार्टफोनमा भेरिफिकेसन (पुष्टि) कोड भएको टेक्स्ट म्यासेज प्राप्त गर्नुहुनेछ। उक्त कोडलाई ***v-safe*** मा हाल्नुहोस् र **Verify** मा क्लिक गर्नुहोस्.
5. स्क्रिनको सबैभन्दा माथि रहेको **Enter your COVID-19 vaccine information** मा क्लिक गर्नुहोस्.
6. तपाईंले COVID-19 को कुन खोप लगाउनुभएको थियो भनेर छान्नुहोस् (यो जानकारी तपाईंको खोप रेकर्ड कार्डमा हुन्छ; यदि तपाईंले आफ्नो कार्ड भेटाउनुभएन भने कृपया आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुहोस्)। त्यसपछि तपाईंले खोप लगाउनुभएको मिति हाल्नुहोस्। त्यसपछि **Next** मा क्लिक गर्नुहोस्.
7. आफ्नो खोपसम्बन्धी जानकारीलाई पुन: जाँच गर्नुहोस्। यदि सबै जानकारी सही छ भने **Submit** मा क्लिक गर्नुहोस्। यदि सही छैन भने **Go Back** मा क्लिक गर्नुहोस्।.
8. ***बधाइ छ! तपाईं तयार हुनुहुन्छ।*** यदि तपाईंले स्थानीय समय अनुसार दिउँसो 2 बजेभन्दा अगाडि आफ्नो दर्ता प्रक्रियालाई पूरा गर्नुहुन्छ भने ***v-safe*** ले सोही दिनको दिउँसो करिब 2 बजेतिर तपाईंको प्रारम्भिक स्वास्थ्य चेक-इन सुरु गर्नेछ। यदि तपाईंले दिउँसो 2 बजेपछि दर्ता गर्नुभयो भने ***v-safe*** ले तपाईंले दर्ता गर्ने बित्तिकै तपाईंको प्रारम्भिक स्वास्थ्य चेक-इन सुरु गर्नेछ — दिइएका निर्देशनहरूलाई पालना गर्नुहोस्।

   अर्को चेक-इनका लागि समय भएपछि तपाईंले ***v-safe*** बाट रिमाइन्डर टेक्स्ट म्यासेज प्राप्त गर्नुहुनेछ — स्थानीय समय अनुसार दिउँसो करिब 2 बजेतिर। चेक-इनलाई सरु गर्न सो टेक्स्ट म्यासेजमा पठाइएको लिंकमा गर्नुहोस्।

# *v-safe* को स्वास्थ्य चेक-इन कार्यलाई पूरा गर्ने

1. तपाईंले आफ्नो स्मार्टफोनमा ***v-safe*** बाट चेक-इन म्यासेज प्राप्त गर्दा तयार भएपछि त्यहाँ दिइएको लिंकमा क्लिक गर्नुहोस्।
2. चेक-इन कार्यलाई पूरा गर्न दिइएका निर्देशनहरूलाई पालना गर्नुहोस्।

## समस्या निवारण

***यदि मैले चेक-इन प्रक्रिया पूरा गर्दा गर्दै समस्या आयो भने म कसरी फिर्ता गएर चेक-इन कार्यलाई पूरा गर्न सक्छु?***

- टेक्स्ट म्यासेजमा रिमाइन्डरमा भएको लिंकमा क्लिक गर्नुहोस् र आफ्नो चेक-इन कार्यलाई पूरा गर्नुहोस्।

***COVID-19 खोपको दोस्रो डोजपछि मैले खोपसम्बन्धी आफ्नो जानकारीलाई कसरी अद्यावधिक गर्नुपर्छ?***

- ***V-safe*** ले स्वत: तपाईंलाई आफ्नो दोस्रो डोजसम्बन्धी जानकारी अद्यावधिक गर्न भन्नेछ। दिइएका निर्देशनहरूलाई पालना गर्नुहोस्।

***v-safe* सम्बन्धी सहायता चाहिन्छ??**

800-CDC-INFO (800-232-4636) मा फोन गर्नुहोस्
TTY 888-232-6348
हप्ताको सातै दिन, दिनको चौबीसै घण्टा खुला रहन्छ
www.cdc.gov/vsafe मा जानुहोस्।